# स्थानीय राजपत्र

जानकी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ८ संख्या : १ मिति २०८१/०१/१४


भाग-२

## जानकी गाउँपालिका बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी कार्यविधि, २०८१

प्रमाणीकरण मिति : २०८१/०१/११

प्रस्तावना :- स्थानीय तहमा बालबालिकाको हक, हित र अधिकारको संरक्षण, सम्मान, सम्वर्द्धन, प्रवर्द्धन, प्रचलन तथा परिपूर्तिका लागि नेपालको संविधान तथा बालबालिका सम्बन्धी कानुनमा भएका व्यवस्थाहरुको कार्यान्वियन गर्न गराउन, बाल बचाउ, बाल संरक्षण, बालविकास र बाल सहभागिताको अधिकार लगायत सर्वोत्तम हितको सुनिश्चित गरी बालमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्न एकिकृत कार्यविधि निर्माण गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा(१), बालबालिका सम्बन्धी ऐन,२०७५ को दफा ६० को उपदफा (३) र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी जानकी गाउँ कार्यपालिकाले यो कार्यविधि वनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "बाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि, २०८१" रहेको छ

(२) यो कार्यविधि जानकी गाउँ कार्यपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि, २०७७ सम्झनु पर्छ ।

(ग) "बालबालिका" भन्नाले १८ बर्ष उमेर ननाघेका व्यक्ति सम्झनु पर्छ ।

(घ) "बालक्लब वा बाल सञ्जाल" भन्नाले बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि १८ वर्षसम्मका बालबालिकाले यस कार्यविधि बमोजिम स्थानीय तहमा सुचिकृत गरेको बालक्लब, सञ्जाल वा बाल संस्था सम्झनु पर्छ ।

(ङ) "बाल कल्याण अधिकारी" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६१ बमोजिम जानकी गाउँपालिकाको कार्यपालिकाले नियुक्त गरेको वा तोकेको बाल कल्याण अधिकारी सम्झनु पर्छ ।

(च) "बाल कोष" भन्नाले जोखिममा परेका तथा विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको संरक्षण सहायताका लागि गाउँपालिका तहमा खडा गरिएको बाल कोष सम्झनु पर्छ ।

(छ) "विशेष संरक्षणका आवश्यकता भएका बालबालिका" भन्नाले बालबालिका सम्बन्धी ऐनको दफा ४८ बमोजिमका बालबालिका सम्झनु पर्छ ।

(ज) "बाल सञ्जाल" भन्नाले बाल क्लब वा संस्थाको सञ्जाल सम्झनु पर्छ ।

(झ) "समाजसेवी वा मनोविज्ञ" भन्नाले बालबालिका सम्बन्धी ऐनको दफा ६२ बमोजिम स्थानीय तहमा नियुक्त समाजसेवी, बाल मनोविज्ञ एवम् सामाजिक कार्य तथा मनोविज्ञान सम्बन्धमा तालिम प्राप्त गरी स्थानीय तहमा बालबालिकालाई सेवा दिने उद्देश्यले सूचीकृत व्यक्ति एवं सो सम्बन्धमा विशेषज्ञता प्राप्त सूचीकृत संस्थालाई समेत सम्झनु पर्छ ।



Scanned with CamScanner

(ञ) "स्थानीय तह" भन्नाले जानकी गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ट) "अध्यक्ष" जानकी गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ठ) "उपाध्यक्ष" भन्नाले जानकी गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ड) "वडा अध्यक्ष" भन्नाले जानकी गाउँ कार्यपालिका अन्तर्गतको वडा अध्यक्षको पदमा निर्वाचित व्यक्ति वा सो पदमा रही कार्य गर्न तोकिएको व्यक्ति सम्झनु पर्छ ।

(ढ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जानकी गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ण) "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन भएको जानकी गाउँ कार्यपालिका बाल अधिकार समिति भन्ने सम्झनु पर्छ । यसले वडा स्तरमा गठन भएको समिति समेतलाई जनाउनेछ ।

(त) "परिषद" भन्नाले बालबालिका सम्बन्धी ऐनको दफा ५९ बमोजिम गठित राष्ट्रिय बाल अधिकार परिषद् भन्ने सम्झनु पर्छ ।

(थ) "सेवा प्रदायक निकाय" भन्नाले स्थानीय तहमा सेवा प्रवाह गरिरहेको सरकारी कार्यालय, स्वास्थ्य चौकी, विद्यालय श्रोत केन्द्र, प्रहरी चौकी तथा यस्ता अन्य निकायहरूलाई सम्झनु पर्छ ।

(द) "प्रदेश मन्त्रालय" भन्नाले सुदुरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालय भन्ने सम्झनु पर्छ ।

(ध) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय भन्ने सम्झनु पर्छ ।

(न) "प्रदेश समिति" भन्नाले सुदुरपश्चिम प्रदेश बाल अधिकार समिति भन्ने सम्झनु पर्छ ।

(न्) "संस्था" भन्नाले बाल अधिकार संरक्षण र सम्वर्द्धनका लागि प्रचलित कानून वमोजिम दर्ता भई कार्यक्रम सञ्चालन गरिरहेका संघ, संस्था, संगठन तथा सामुदायिक संस्थाहरुलाई सम्झनु पर्छ ।



Scanned with CamScanner

## परिच्छेद-२

### उद्देश्य

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् :-

(क) स्थानीय तहमा बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा सम्वर्धनका लागि कानूनी, नीतिगत, संस्थागत र संरचनागत व्यवस्थामा स्पष्टता ल्याउने,

(ख) स्थानीय तहमा बालमैत्री शासन, बालमैत्री संरचना, बालमैत्री प्रक्रियाको अवलम्वन तथा प्रवर्द्धन गर्ने,

(ग) बालबालिकामाथि हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, शोषण, अवहेलना, वेवास्ताको अन्त्यका लागि बहुपक्षीय समन्वय तथा सहकार्य स्थापित गर्ने ।

## परिच्छेद-३

### बाल अधिकारको संरक्षण तथा सम्वर्द्धन

४. बाल अधिकारको संरक्षण गर्नुपर्नेः (१) स्थानीय तहमा बाल अधिकारको संरक्षण तथा सम्वर्धन गर्नु जानकी गाउँपालिकाको दायित्व हुनेछ ।

(२) स्थानीय तहमा बालबालिकाको स्वस्थ जिवन तथा बाँच्न पाउने अधिकारको कार्यान्वियन र बालबालिकाको विकासका लागि बालबालिका माथि हुन सक्ने दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि जानकी गाउँपालिकाले देहायका उपायहरू अवलम्वन गर्नेछ -

(क) विद्यालय व्यवस्थापन समितिले विद्यालय परिसरलाई पर्खाल वा घेराबार लगाई अवाञ्छित व्यक्ति तथा चौपायाको प्रवेशलाई रोक्नेछ,

(ख) जानकी गाउँपालिकाले विद्यालय क्षेत्रको ५० मिटर वरिपरिको बाटोमा सवारी साधनको गति अधिकतम २० किमि प्रति घण्टा तथा हर्न निषेधित क्षेत्र लागु गर्नेछ,

(ग) स्थानीय तहबाट सञ्चालित स्वास्थ्य संस्थाहरूले अनिवार्य रूपमा न्यूनतम महिनाको एक पटक निःशुल्क औषधि र परिक्षण सुविधा सहितको विद्यालय स्वास्थ्य शिविर सञ्चालन गर्नेछ,

(घ) यस स्थानीय तहभित्र सञ्चालित निजी स्वास्थ्य संस्थाहरूले जानकी गाउँपालिका भित्रको कुनै एक सार्वजनिक विद्यालय र एक सामुदायिक वस्तीलाई आफ्नो सेवा क्षेत्र मानि निशुल्क औषधि तथा उपचार सेवा प्रदान गर्नेछ,



Scanned with CamScanner

(ङ) स्थानीय तहबाट सञ्चालित स्वास्थ्य संस्थाहरूले गर्भवती महिलाहरुलाई निःशुल्क नियमित स्वास्थ्य जाँच तथा स्वास्थ्य संस्थामा सुत्केरी गराउने सुविधा र प्रोत्साहन गर्नेछ,

(च) सामुदायिक तथा सरकारी स्वास्थ्य केन्द्रहरुले न्यूनतम वार्षिक २ पटक खोप, पोषण तथा मातृशिशु स्याहार सम्बन्धी कार्यक्रम वस्ती तथा विद्यालय स्तरमा सञ्चालन गर्नेछ,

(छ) स्थानीय तहमा निर्माण गरिने भौतिक पुर्वाधारमा बाल सुरक्षाको सुनिश्चितता गरी मात्र अनुमती प्रदान गर्नेछ,

(ज) सम्बन्धीत वडा समितिहरुले अफ्नो क्षेत्रभित्र सञ्चालित विद्यालयको ५०० मिटरको दुरीभित्र मदिरा, चुरोट तथा सुर्तिजन्य लगायतका सामग्री बिक्री वितरण तथा उपभोग गर्न निषेध गर्नेछ,

(झ) विद्यालय परिसर वरपर कुनै पनि चलचित्र, मादक पदार्थ, चुरोट, रक्सी तथा अश्रुलील साहित्यसंग सम्बन्धीत तस्वीर, होर्डिङ बोर्ड, पोस्टर पम्प्लेट लगाएतका प्रचार प्रसार गर्न निषेध गर्नेछ,

(ञ) १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई सुर्ती, चुरोट तथा मदिराजन्य पदार्थ र अश्रुलील साहित्य तथा सामग्री विक्री वितरण गर्न निषेध गर्नेछ,

(ट) बालबालिकाका लागि अस्वस्थकर र हानिकारक भनी प्रमाणित गरिएको खेलौना तथा खाद्य पदार्थहरू बजारमा विक्री वितरण गर्न निषेध गर्नेछ,

(३) स्थानीय तहमा सेवा प्रवाह गरिरहेका विद्यालय, बालबालिकासंग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय तथा नीजिक्षेत्र एवम् सामाजिक संस्थाहरूले वालबालिका विरूद्धको हिंसा वा बाल यौन दुर्व्यवहार रोकथाम गर्न, बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कारवाहीको लागि संस्थागत तहमा बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गर्ने अनिवार्य व्यवस्थाको लागि जानकी गाउँपालिकाले सहजीकरण गर्नेछ ।

(४) स्थानीय तहले वालबालिकाको संरक्षणका लागि देहायका उपायहरू अवलम्वन गर्नेछः-

(क) विद्यालयमा अवाञ्छित राजनीतिक गतिविधि, हस्तक्षेप तथा बालबालिका एवम् शिक्षकहरूको दलगत परिचालनमा निषेध गर्नेछ,

(ख) प्रचलित कानून बाहेक बिना कारण विद्यालय उमेरका बालबालिकालाई विद्यालयमा भर्ना हुनबाट रोक्न वा विद्यालयबाट निष्कासन गर्न पाईने छैन,



Scanned with CamScanner

(ग) विद्यालयमा शिक्षक, विद्यार्थी, प्रशासक एवम् अभिभावक तथा आगन्तुकहरूले बालबालिकाबीच कुनै पनि भेदभाव, शारीरिक तथा मानसिक एवम् यौन हिंसा र दुर्व्यहार, अवहेलना गर्न तथा बालबालिकामाथि शारिरिक एव मानसिक चोट पुग्ने दण्ड सजाय गर्न निषेध गर्नेछ,

(घ) प्रत्येक विद्यालयमा सफा पिउने पानी, शौचालयमा पर्याप्त पानीको व्यवस्था, किशोरीका लागि महिनावारी प्याड तथा प्रारम्भिक उपचार बाकसको व्यवस्था गर्नेछ,

(ङ) बालबालिका विरुद्ध हुने हिंसा, दुर्व्यवहार, शोषणका अन्त्यका लागि प्रत्येक विद्यालय तथा बालबालिकासँग कार्य गर्ने निकायले बाल संरक्षण मापदण्ड, उजुरी र सम्बोधन तथा प्रेषण प्रणालीलाई लागु गर्नेछ,

(च) विद्यालयमा शिक्षा तथा अन्य सुविधाका नाममा धार्मिक द्वेष फैलाउने, धर्म परिवर्तन गर्न लगाउने र फरक जात, समुदाय, सम्प्रदाय तथा संस्कृति प्रति द्वेष तथा घृणा जगाउने कार्य निषेध गर्नेछ,

(छ) स्थानीय तहले जोखिममा रहेका बालबालिकाको तत्काल उद्दार, संरक्षण तथा व्यवस्थापनका लागि बाल हेल्पलाईन नं. १०९८ तथा हराएका, वेवारिस फेला परेका बालबालिकाको सकुशल उद्दार तथा व्यवस्थापनका लागि बालबालिका खोजतलास सेवा केन्द्रको नं. १०४ सँग समन्वय र सहकार्यको व्यबस्था गर्नेछ,

(ज) जानकी गाउँपालिका तथा वडा कार्यालयहरूले बाल अधिकारको संरक्षण तथा सम्वर्धनका लागि शिक्षा र स्वास्थ्यका बजेट अतिरिक्त अनिवार्य रूपमा पुँजीगत बजेटको प्रतिशत विनियोजन गर्ने व्यवस्था मिलाउनेछ,

(झ) प्रत्येक परिवारले आफ्नो परिवारमा जन्मिएका बालबालिकाको जन्मदर्ता प्रचलित कानून बमोजिम ३ महिनाभित्र गर्नुपर्नेछ,

(ञ) प्रत्येक परिवारले ३ देखि ५ वर्ष उमेरका बालबालिकालाई प्रारम्भिक बाल विकास केन्द्रमा ५ देखि १७ वर्ष उमेरका बालबालिकालाई अनिवार्य विद्यालय भर्ना गर्ने र नियमित विद्यालय पठाउनु पर्नेछ,

(ट) कुनै पनि परिवारले आफ्ना बालवालिकामाझ र समुदायका बालवालिका माझ लिङ्ग, जातजाति, रङ्ग, पारिवारिक हैसियत तथा शारीरिक र यौनिक अवस्थाका आधारमा भेदभाव गर्नेछैन,

(ठ) कसैले पनि प्रचिलत कानुन विपरित बालश्रमको प्रयोग गर्न पाउनेछैन,

(ड) समुदायमा कसैले पनि बालबालिका विरूद्ध हिंसा, शोषण, दुर्व्यवहार गरेमा वा त्यस्ता घटना हुन लागेको थाहा भएमा नजिकको प्रहरी कार्यालय वा स्थानीय बाल अधिकार समिति वा न्यायिक समितिमा उजुरी गर्न सक्नेछ। यसरी उजुरी प्राप्त भै सकेपछि अभिलेख राखि कानून बमोजिम आवश्यक कार्वाही गर्नेछ,।

५. बालबालिकाको सर्वोत्तम हित कायम गर्नुपर्ने: (१) स्थानीय तह, बाल कल्याण अधिकारी, समाजसेवी, सामाजिक संघ संस्था तथा बालबालिकाका निम्ति सेवा प्रदायक निकायहरुले बालबालिकाको सन्दर्भमा निर्णय लिंदा देहाय बमोजिम सर्वोत्तम हित निर्धारण गर्नु पर्नेछः-

(क) बालबालिकाको समग्र सामाजिक, पारिवारिक तथा शारीरिक अवस्थाको अध्ययन गरी आवश्यकताको पहिचान र प्राथमिकीकरण गर्ने,

(ख) बालबालिकाको परिवार वा तोकिएको संरक्षकको आर्थिक, सामाजिक पृष्ठभूमि अध्ययन गरी बालबालिकाका निम्ति शिक्षा, स्वास्थ्य तथा सुरक्षित हुन सक्ने नसक्ने निर्धारण गर्ने,

(ग) बालबालिका सम्बन्धी सवालमा उपलब्ध विकल्पहरुको सूची तयार गर्ने र सबै विकल्पको सबल पक्ष र जोखिमता पहिचान गर्ने,

(घ) सम्बन्धीत बालबालिकाले आफ्नो विचार र अनुभव अभिव्यक्त गर्न सक्ने भए उसको धारणा लिखित रुपमा उतार गर्ने,

(ङ) सम्बन्धीत बालबालिकाका लागि उपलब्ध विकल्पहरुमध्ये जोखिम रहित वा सबैभन्दा कम जोखिम भएको विकल्प निर्धारण गर्ने,

(च) निर्धारित गरिएको सेवा व्यवस्थामा जोखिम न्यूनीकरणका कार्यहरु लागु गर्ने,

(छ) नियमित रुपमा बालबालिकाको अवस्था अनुगमन मुल्यांकन तथा प्रतिवेदन संकलन गर्ने,

(ज) निर्णय गर्ने अधिकारी वा अदालतले बालबालिकाको उच्चतम हित निर्धारण गर्ने प्रयोजनका निमित्त सम्बन्धीत क्षेत्रका विशेषज्ञ वा विज्ञको धारणालाई प्रमाणका रुपमा लिन सक्नेछन्,

(झ) निर्णय गर्ने अधिकारी वा अदालतले बालबालिकाको उच्चतम हित निर्धारण गर्दा निर्णय गर्नुपर्ने विषयमा स्थापित भएको अन्तराष्ट्रिय मान्यता र अभ्यासलाई उचित महत्व दिनुपर्नेछ।



Scanned with CamScanner

६. **बालमैत्री संरचना तथा अभ्यासको सुनिश्चितता :** (१) स्थानीय तहमा बाल अधिकारको क्षेत्रमा कार्यरत संघ संस्था तथा निकायले देहायको प्रक्रियाबाट बालमैत्री संरचना तथा अभ्यासको सुनिश्चितता गर्न सक्नेछ :-

(क) बालबालिकाले प्रत्यक्ष सहभागी हुने र सेवा लिने निकायहरूको संरचना र व्यवहार बालमैत्री र बाल सुरक्षित भएको सुनिश्चत गर्न स्थानीय तहले मन्त्रालय जारी गरेको मापदण्ड बमोजिम बालमैत्री अवस्याको लेखाजोखा गर्नेछ,

(ख) बालबालिकालाई सेवा प्रदान गर्ने निकायहरू बालमैत्री बनाउन स्थानीय तहले निर्देशन दिने, क्षमता विकास तथा सुधारका कार्यका लागि सहायता प्रदान गर्नेछ,

(ग) बालमैत्री र बाल सुरक्षित नभएका निकायहरूलाई बालमैत्री नभएसम्मका लागि स्थानीय तहले सेवा प्रदान गर्नबाट रोक लगाउनेछ ।

## परिच्छेद-४
## बाल सहभागिता तथा बाल क्लब सञ्चालन

७. **बाल सहभागिताको अभ्यास :** (१) स्थानीय तहले आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णय प्रक्रियमा बाल सहभागिताको अभ्यास गर्नेछ ।

(२) स्थानीय तहले अफ्नो क्षेत्रिभत्रका घर, परिवार, विद्यालय तथा सामुदायिक सस्थाले गर्ने कार्यहरुमा बाल सहभागिताको अभ्यास प्रवर्द्धन गर्नेछ ।

(३) उपदफा (२) मा उल्लेख भए बमोजिमका बाल सहभागिताको अभ्यास गर्नु अभिभावक, संरक्षक तथा परिवारका अन्य सदस्यहरू तथा विद्यालय, सार्वजनिक निकाय तथा संस्थाको कर्तव्य हुनेछ ।

८. **बाल सहभागिताका प्रवर्द्धनका नाममा गर्न नहुने कार्यहरू :** (१) बालसहभागिताको नाममा व्यक्ति, संस्था, सार्वजनिक निकायले देहायका कामहरू गर्न, गराउन दुरूत्साहन गर्नु हुँदैन:-



Scanned with CamScanner

(क) बालबालिकाको अध्ययनमा नियमित रूपमा बाधा तथा अवरोध पुग्ने गरी कार्यक्रम सञ्चालन गर्ने वा सहभागी गराउने, तर बुवाआमा वा संरक्षकको लिखित मञ्जुरीनामा लिई प्रतियोगितामा भाग लिन सक्नेछन् । यसरी भाग लिएका बालबालिकाको शिक्षाको सुनिश्चित गर्न वैकल्पिक योजना बनाउनु पर्नेछ,

(ख) बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, आध्यात्मिक तथा सामाजिक विकासमा असर पुऱ्याउने खालका कुनै पनि गतिविधि वा कार्यमा बालबालिकालाई संलग्न गराउने,

(ग) बालबालिकालाई आमाबाबु, संरक्षक, विद्यालय लगायत कुनै पनि सरकारी निकाय वा गैरसरकारी संस्थाले र्‍याली, जुलुस, सभा आदिमा सहभागी गराउने,

(घ) परम्परागत हानिकारक अभ्यास गर्न वा सो अभ्यासमा सहभागी गराउने,

(ङ) विद्यालय लगायतका सरकारी निकाय वा गैरसरकारी संस्थाले कानून वा विधान बमोजिम आफूले गर्नुपर्ने काम बालबालिका, बालक्लब वा सञ्जाल मार्फत गराउने, तर बालबालिकालाई आफै प्रत्यक्ष फाइदा पुर्याउने उद्देश्यले उनीहरूलाई शारीरिक तथा मानसिक रूपमा प्रतिकूल असर नपर्नेगरी वातावरण अनुकूलका सामाजिक तथा सहभागितात्मक क्रियाकलापहरूमा सहभागी गराउन यस नियमले बाधा पुऱ्याउनेछैन ।

९. **बाल क्लव वा सञ्जाल दर्ता तथा नवीकरण:** (१) बालबालिकाले बाल अधिकार संरक्षण र प्रवर्द्धनका लागि बालक्लब वा सञ्जाल दर्ता गर्न सम्बन्धित वडाको सिफारिस सहित स्थानीय तहमा देहायका विवरण सहित अनुसुची-१ अनुसारको निवेदन र अनुसुची २ अनुसारको बालक्लवको विधान सहित पेश गर्नु पर्दछ ।

(क) बालक्लब वा सञ्जाल दर्ता गर्न चाहने बालबालिकाको नाम थर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि वा अध्ययनरत विद्यालय वा आश्रित बाल गृहको सिफारिस पत्र,

(ख) बालक्लवको नाम बालबालिकाहरुको आपसी छलफलका आधारमा तय गरिनेछ, कुनै संस्थाको नाम जोडेर बालक्लवको नाम राख्न पाईने छैन । विद्यालयको हकमा भने विद्यालयको नाम जोड्न सकिनेछ,

(ग) बालक्लब वा सञ्जालको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण,

(घ) बालक्लब वा सञ्जाल को सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्य समितिमा रहने पदहरूको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि ।

(२) उपदफा (१) बमोजिम निवेदन आएमा सम्बन्धीत स्थानीय तहले बालक्लब वा सञ्जाल दर्ता गरी बालकल्याण अधिकारीले अनुसूची-५ बमोजिमको प्रमाणपत्र दिनेछ । सुचिकृत बालक्लवहरुको अभिलेख अनुसुची ६ अनुसारको दर्ता कितावमा राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता भएको बालक्लब वा सञ्जालले प्रत्येक वर्ष स्थानीय तहमा देहायको विवरण खुलाई नवीकरणको लागि निवेदन दिन दिनुपर्नेछ:-

(क) वर्षभरी आफूले गरेको मुख्य काम वा क्रियाकलापको संक्षिप्त विवरण,

(ख) सदस्यहरू तथा कार्य समितिमा रहेका पदहरूको विवरण ।

(४) उपदफा (३) बमोजिम निवेदन आएमा स्थानीय तहले बालक्लब वा सञ्जालको नवीकरण गरिदिनेछ । नविकरणको लागि अनुसुची ७ अनुसारको नविकरण अभिलेख कितावमा राख्नु पर्नेछ ।

(५) बाल क्लब वा सञ्जाल सुचिकृत र नवीकरण तथा सिफारिस गरे बापत कुनै शुल्क लिइने छैन ।

(६) प्रत्येक बाल क्लव तथा सञ्जाल ले प्रत्येक वर्ष सम्पादन गरेका कार्यहरूको संक्षिप्त जानकारी प्रत्येक वर्षको फागुन महिनाको मसान्तसम्म जानकी गाउँपालिका तथा स्थानीय बाल अधिकार समितिमा पठाउनु पर्नेछ ।

(७) स्थानीय बाल अधिकार समितिले बालक्लव एवम् सञ्जालको वार्षिक जानकारीको संक्षिप्त विवरण प्रत्येक वर्षको बैशाख महिनाको मसान्तसम्म प्रदेश बाल अधिकार समितिमा पठाउनु पर्नेछ । यसैगरी प्रत्येक प्रदेश बाल अधिकार समितिले उक्त जानकारीको संक्षिप्त विवरण प्रत्येक असार महिनाको मसान्तसम्म राष्ट्रिय बाल अधिकार परिषद्मा पठाउनु पर्नेछ ।

(८) बाल क्लब वा सञ्जालले तीन वर्षसम्म सम्बन्धीत स्थानीय तहमा नवीकरण नगरेमा उक्त बाल क्लब वा संस्था स्वतः खारेज हुनेछ ।

१०. बाल क्लब, बाल सञ्जाल गठन तथा सञ्चालन :- (१) बाल क्लबहरू बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सूचिकरण गर्न, बाल सहभागितालाई संस्थागत गर्न र एक आपसबाट सिकाईका अवसर सृजना गर्न बाल क्लब, सञ्जालको गठन गर्न सकिनेछ ।



Scanned with CamScanner

(२) बालक्लब टोल, समुदाय, विद्यालय र वडा स्तरका हुनेछन् ।

(३) बाल सञ्जाल वडा स्तरका तथा जानकी गाउँपालिका स्तरका हुनेछन् । प्रत्येक वडामा १ वटा वडा सञ्जाल तथा गाउँपालिकामा १ वटा बाल सञ्जाल अनिवार्य रहने छ। सबै बाल सञ्जालको आबद्धता वडा समितिको सिफारिसमा जानकी गाउँपालिकासँग रहनेछ। वडा बाल सञ्जालको संरक्षक वडा अध्यक्ष रहनेछन् र पालिकास्तरीय बाल सञ्जालको संरक्षकत्व गाउँपालिका अध्यक्षले ग्रहण गर्नेछन् ।

(४) बाल क्लब, सञ्जाल गठन गर्नका लागि गाउँपालिका र वडा तहमा गाउँपालिकामा आवद्धता भएका बाल क्लवहरूका प्रतिनिधिहरुको भेलाको आयोजना गर्नु पर्नेछ ।

(५) वडा स्तरिय बाल क्लब, सञ्जाल गठन गर्न प्रत्येक बाल क्लवबाट १ बालक, १ बालिका र १ जना अपाङ्गता भएका, दलित तथा पिछडिएका अल्पसङ्ख्यक समुदायका बालबालिका गरि ३ जना सहभागी भई आयोजना भएको बालक्लवहरुको भेलाले वडा तहमा वढीमा २५ सदस्यिय वडा स्तरीय बालक्लव, सञ्जालको गठन हुनेछ । जसमा सामाजिक समावेशीकरणलाई ध्यान दिई कम्तिमा ३३ प्रतिशत बालिकाको सहभागिता सुनिश्चित हुनुपर्नेछ । जसमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष मध्ये कम्तिमा दुई पदमा बालिका हुनुपर्नेछ ।

(६) वडा स्तरीय भेलावाट गाउँपालिका सञ्जाल निर्माणको लागि प्रत्येक वडा वाट २ बालक, २ बालिका र १ जना अपाङ्गता भएका, दलित तथा पिछडिएका अल्पसङ्ख्यक समुदायका बालबालिका गरि ५ जना प्रतिनिधि छनौट गरी पालिका स्तरीय बालभेलामा प्रतिनिधित्व गर्नुपर्नेछ। प्रत्येक वडाको प्रतिनिधिहरुमध्येबाट गाउँपालिका स्तरीय ४५ सदस्यि बालक्लव, सञ्जालको गठन हुनेछ । जसमा सामाजिक समावेशीकरणलाई ध्यान दिई कम्तिमा ३३ प्रतिशत बालिकाको सहभागिता सुनिश्चित हुनुपर्नेछ। जसमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष मध्ये कम्तिमा दुई पदमा बालिका हुनुपर्नेछ ।

(७) वडा तथा गाउँपालिकाहरुमा गठन भएका बालक्लव, सञ्जालहरु गठन भएको एक महिनाभित्र गाउँपालिका कार्यालयमा दर्ता गर्नु पर्नेछ । दर्ताका लागि अनुसुची १ अनुसारको निवेदन लिई अनुसुची २ अनुसारको बालक्लव, सञ्जालको विधान, अनुसुची ४ को प्रमाणपत्र गाउँपालिका बालकल्याण अधिकारीबाट प्रमाणित गरी बालक्लव, सञ्जालहरुलाई उपलब्ध गराउनुपर्नेछ ।



Scanned with CamScanner

(८) बालक्लव, सञ्जाल दर्ता र नविकरण गरे बापत कुनै शुल्क लिइने छैन ।

(९) बालक्लव, सञ्जालले ५ वर्षसम्म उक्त संस्थाको नवीकरण नगरेमा स्वतः खारेज हुनेछ ।

११. **बाल क्लब र सञ्जालको काम, कर्तव्य र अधिकार : बाल क्लबको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) क्लबमा आवद्ध सदस्य सहित अठार वर्ष मुनिका सबै बालबालिकाहरुको क्षमता विकास अभिवृद्धि हुने खालका हाजिरी जवाफ, वक्तृत्वकला, निबन्ध लेखन, साहित्यिक गतिविधि आदि सञ्चालन गर्ने,

(ख) बालबालिका, उनीहरूका अभिभावक र परिवारका अन्य सदस्यहरूलाई बाल अधिकारको बारेमा सचेत गराउने,

(ग) सिकाई प्रक्रियामा बाल सहभागिता अभिबृद्धि गर्दै बालबालिकामा अन्तर्निहित प्रतिभाको प्रस्फुटन गर्ने गराउने,

(घ) बालबालिकालाई जीवनपयोगी सीपको बारेमा जानकार गराउने,

(ङ) बाल क्लबलाई बालबालिकामा रचनात्मकता र नवीन कौशल विकास गर्ने एक साझा स्थलको रूपमा स्थापित गराउने,

(च) बालबालिकाको कक्षा कोठाको सिकाइलाई वास्तविक जीवनमा रूपान्तरण गर्न सक्ने साधनको रूपमा बाल क्लबलाइ परिचित गराउने,

(छ) स्वास्थ्य, सरसफाई र वातावरणका क्षेत्रमा सामुदायिक सचेतनाका गतिविधिहरू सञ्चालन गर्ने,

(ज) बालबालिकाको कल्याण र अधिकार सुनिश्चित गर्न स्थानीय तहमा विभिन्न कार्यक्रमहरू, आयोजना संचालन गर्ने,

(झ) कला, साहित्य, सामाजिक सद्भाव, मातृभाषा, मातृ संस्कृति र शिक्षाको संरक्षणका लागि आवाज उठाउन, र सामाजिक कुरीति तथा बाल अधिकार उल्लंघनको घटनाहरूको बिरुद्ध रचनात्मक आवाज उठाउने,

(ञ) विद्यालय भर्ना हुने उमेर समुहका बालबालिकाहरु विद्यालय भर्नाबाट वञ्चित रहे नरहेको बारेमा निरन्तर अनुगमन गर्ने र विद्यालय नगएका बालबालिकालाई विद्यालय भर्ना गर्नका लागि सम्बन्धीत वडा कार्यालयसँग समन्वय गर्ने,

(ट) जानकी गाउँपालिका स्तरमा र वडा स्तरमा संचालन हुने जनचेतनामुलक कार्यक्रममा सकृय सहभागिता जनाउने,



Scanned with CamScanner

(ठ) बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि निर्धारित सुचकहरु कार्यान्वियनमा सदैव अग्रसर रही बालमैत्री वडा वा पालिका घोषणा अभियानमा पालिका तथा वडालाई निरन्तर सहयोग गर्ने,

(ड) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता, पूर्ण सरसफाई आदि अभियानमा पालिका, वडा कार्यालयलाई सहयोग गर्ने,

(ढ) बालक्लव, सञ्जाललाई आफुलाई प्राप्त जिम्मेवारी कार्यान्वयन गर्न कार्यकारी सदस्यको संयोजकत्वमा बढीमा पाँच जना साधारण सदस्यहरु सम्मिलित उप समितिहरु गठन गर्न सक्ने,

(ण) बालक्लव, सञ्जालको बैठक प्रत्येक महिनामा कम्तिमा एक पटक अनिवार्य बस्नुपर्नेछ ।

(त) बालक्लव, सञ्जालको बैठकमा लगातार तिन पटक सम्म अनुपस्थित भएमा सदस्यको सदस्यता स्वतः खारेज हुनेछ ।

१२. **बाल क्लब र सञ्जालको काम, कर्तव्य र अधिकार :** (१) बाल क्लब र सञ्जालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आफ्नो क्षेत्रभित्रका बालक्लबहरूको अभिलेख राख्ने तथा बालबालिकाका लागि उपयोगी हुने पुस्तकालय वा सूचना केन्द्र स्थापना र सञ्चालन गर्ने,

(ख) आबद्ध बालक्लबहरूको गतिबिधि सञ्चालन गर्न सञ्जाललाई स्थानीय वडा, गाउँपालिका तथा अन्य सहयोगी संस्थाहरूबाट प्राप्त आर्थिक सहयोग उपलब्ध गराउने । बालक्लबले सम्पन्न गर्न सक्ने यसै निर्देशिकामा तोकिएका कार्यहरू गर्न आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने,

(ग) बालक्लबहरूले सञ्चालन गरेका कार्यक्रमहरूमा अतिथिको रूपमा उपस्थित भई बालक्लबका अन्य साथीहरूलाई हौसला प्रदान गर्ने । तर, यस्ता किसिमका गतिविधिहरू सञ्चालन गर्दा आफ्ना तथा अन्य साथीहरूको पढाइलाई असर नपर्ने गरी विदा तथा फुर्सदको दिनमा कार्यक्रम गर्न उत्प्रेरित गर्ने,

(घ) बालअधिकारसँग सम्बन्धीत विशेष अभियान तथा कार्यहरू बालक्लबहरूमार्फत् प्रभावकारी रूपले सम्पन्न गर्न विभिन्न उपसमितिहरूको गठन गरी सञ्जालका पदाधिकारीहरूका बीचमा कार्यविभाजन गरी काम गर्न सकारात्मक वातावरण बनाउने,

(ङ) स्थानीय पालिकाले स्थानीय स्तरमा बालबालिकाको अधिकारसँग सम्बन्धीत योजना तर्जुमा कार्यान्वयन र मूल्यांकनका सम्पूर्ण चरणहरूमा सञ्जालबाट प्रतिनिधित्वको माग गर्नुका साथै अन्य बालक्लबहरूको तर्फबाट आएको योजना तथा सुझावहरू समेतलाई ख्याल गर्दै सञ्जालको तर्फबाट सक्रिय सहभागिता जनाउने,



Scanned with CamScanner

(च) स्थानीय स्तरमा बालबालिकामाथि हुने सबै किसिमका दुर्व्यवहार, हिंसा, हेला, हेपाइ, सामाजिक कुरीति र विभेद जस्ता बालअधिकार हननका घटनाविरूद्ध बालक्लबको तर्फबाट आवश्यक पहल र पैरवी गर्ने साथै यस्ता किसिमका घटनाका विरूद्ध सम्बन्धीत सरोकारवाला पक्षहरूको ध्यान आकर्षण गराउन सहकार्य र समन्वय गर्ने,

(छ) बालक्लबहरुले आयोजना गर्ने कार्यक्रमका लागि आवश्यक स्रोतहरुको खोजी गरी सञ्जालले सहयोग माग गर्ने तथा कार्यक्रम सम्पन्न गर्न अन्य निकायहरुसँग समन्वय गर्ने,

(ज) आफ्नो कार्यक्षेत्रमा सञ्चालन भएका विद्यालय भर्ना, जन्मदर्ता, बालविवाह, बालमैत्री वातावरण, खुला दिसामुक्त क्षेत्र, बालमैत्री स्थानीय शासन, विद्यालय... भयरहित शिक्षण सिकाइको सम्बन्धमा बालबालिका सँगै गर्ने अभियानहरूमा बालसञ्जालको तर्फबाट सक्रिय सहभागिता जनाउने,

(झ) बालक्लब तथा बाल अधिकारको क्षेत्रमा कार्यरत अन्य संघ संस्था तथा सरोकारवालाहरूबीच आपसी समझदारी र समन्वयको वातावरण तयार गर्ने,

(ञ) आफ्नो क्षेत्रभित्र रहेका बालक्लबहरूले सम्पन्न गरेका क्रियाकलापहरूको संक्षिप्त प्रतिवेदन माग गर्ने तथा सो को अभिलेख राख्ने तथा स्थानीय तह र स्थानीय बाल अधिकार समितिमा पेश गर्ने,

(ट) बालक्लबहरू बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाईका अवसर सजृना गर्ने।

(२) बाल क्लब तथा सञ्जालले सञ्चालन गर्न नसक्ने कार्यक्रमहरूको सीमा देहाय बमोजिम हुनेछः-

(क) कुनै राजनीतिक दल वा त्यसको भातृ संगठनका विरोध गर्न,

(ख) समुदायको सार्वजनिक वा निजी सम्पत्ति दुरुपयोग तथा कसैको जीउ ज्यानमा क्षति पुर्याउने कार्य गर्न,

(ग) समुदायका निश्चित जातजाति, धर्म, क्षेत्र वा पेशाकर्मी प्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्ने कार्य,

(घ) हिंसा र दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनीयता भंग हुने र पहिचान खुल्ने गतिविधिहरू गर्न गराउन,



Scanned with CamScanner

(ङ) सांस्कृतिक कारण बाहेक रातको समयमा र आफ्नो विद्यालय, बालगृह वा समुदाय भन्दा वाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरूमा सहभागी हुन । तर प्रतिस्पर्धा, आवासिय तालिम वा आयोजकहरूले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भने समुदाय, बालगृह वा विद्यालय भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिनेछ,

(च) उचित सुरक्षाको प्रबन्ध र आवश्यक पूर्व अनुमति बेगर सहभागीहरूको जिउ ज्यानमा खतरा पुग्ने साहसिक खेलहरू खेलाउने कार्यहरु गर्न गराउन,

(छ) बाल समूह कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार, व्यवसाय गर्ने कार्यहरु गर्न गराउन,

(ज) सिंगो परियोजना सञ्चालन गर्ने वा ठुला र लामो समयका गतिविधिहरू सञ्चालन गर्ने कार्य गर्न,

(झ) आर्थिक जिम्मेवारी लिई गरिने कार्यहरु गर्न,

(ञ) सामाजिक रुपमा अस्वीकार्य तथा नकारात्मक सामाजिक प्रभाव पार्ने कार्यहरु गर्न,

(ट) सामाजिक शान्ति, सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा वा अन्य उपयुक्त कारण दर्शाई बाल अधिकारकर्मी, स्थानीय बाल अधिकार समिति तथा बालमैत्री शासन समन्वय समितिको परामर्शमा सुरक्षा निकाय वा गाउँपालिका वा विद्यालयले निश्चित गतिविधिलाई रोक लगाएका कार्यहरु गर्न,

१३. **बालक्लब वा बाल सञ्जालको आर्थिक दायित्वः** (१) बालक्लब वा बाल सञ्जाल कुनै पनि किसिमको आर्थिक कारोबार गर्नु हुँदैन र अन्य कुनै व्यक्ति वा संस्थाले बालक्लब वा सञ्जाललाइ आर्थिक दायित्व दिन हुँदैन ।

(२) बालक्लब वा बाल सञ्जालसँग सहकार्य गर्दा सहकार्य गर्ने सँस्थाले आर्थिक दायित्व व्यहोर्ने गरी सञ्चालन गर्नुपर्नेछ ।

(३) बालक्लब वा बाल सञ्जालले आफ्नो क्लबको आर्थिक दायित्व सञ्चालन गर्न कुनै व्यक्ति वा संस्था लाई जिम्मेवारी दिन सक्नेछन् ।

(४) यसरी जिम्मेवारी पाएको संस्थाले प्रचलित कानून बमोजिम सामाजिक संस्थाले राख्ने लेखा प्रणाली बमोजिम संस्थाको लेखा राख्नुपर्नेछ ।



Scanned with CamScanner

## परिच्छेद-५

## बाल अधिकार समिति सम्बन्धी व्यवस्था

**१४. स्थानीय बाल अधिकार समितिको गठनः** (१) स्थानीय बाल अधिकार समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्य रहनेछन्:-

(क) उपाध्यक्ष - अध्यक्ष

(ख) कार्यपालिकाले तोकेको महिला वडा सदस्य सहित २ जना वडा सदस्य - सदस्य

(ग) कार्यपालिकाले तोकेको माध्यमिक विद्यालयका प्रधानाध्यापकमध्ये १ जन - सदस्य

(घ) कार्यपालिकाले तोकेको बाल अधिकार सम्पर्क शिक्षकमध्ये १ जना - सदस्य

(ङ) कार्यपालिकाले तोकेको सूचीकृत समाजसेवी वा सामाजिक कार्यकर्ता वा बाल मनोविज्ञ वा बालविशेषज्ञमध्ये १ जना - सदस्य

(च) गाउँपालिकाको सामाजिक विकास शाखा प्रमुख, शिक्षा शाखा प्रमुख र स्वास्थ्य शाखा प्रमुख गरी ३ जना - सदस्य

(छ) गाउँपालिका स्तरीय बाल सञ्जालले तोकेको १ जना बालिका सहित २ जना - सदस्य

(ज) बाल अधिकार, बाल संरक्षण वा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति वा संस्था मध्येबाट कार्यपालिकाले मनोनयन गरेका कम्तीमा १ जना महिला सहित २ जना - सदस्य

(झ) स्थानीय प्रहरी प्रमुख, नेपाल प्रहरी - सदस्य

(ञ) गाउँपालिका भित्रका अस्पताल वा स्वास्थ्य संस्थामध्ये कार्यपालिकाले मनोनयन गरेका एकजना प्रतिनिधि - सदस्य

(ट) बाल कल्याण अधिकारी - सदस्य - सचिव

(२) समितिका मनोनित सदस्यहरुको पदावधि तिन वर्षको हुनेछ ।

**१५. स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार :** (१) स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा वजेट स्वीकृत गर्ने,



Scanned with CamScanner

(ख) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्तिको लागि आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न स्थानीय तहलाई सुझाव दिने,

(ग) स्थानीय तहद्वारा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

(घ) नेपाल पक्ष रहेका बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिसँग सम्बन्धीत स्थानीय तह स्तरीय आवधिक प्रतिवेदन तयार गर्न सहजीकरण गर्ने,

(ङ) स्थानीय तहभित्र हुन सक्ने बाल विवाह, बाल श्रम, शारीरिक तथा मानसिक पीडा तथा बाल यौन दुर्व्यवहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबालिकाको उद्धार, पुनःस्थापना, संरक्षण र व्यवस्थापनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(च) आफ्नो स्थानीय तहका वडा, विद्यालय संरचनालाई बालमैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमा गर्ने गराउने,

(छ) बाल अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(ज) स्थानीय तहमा एक आर्थिक वर्षमा बालबालिका सम्बन्धी भए गरेका कार्यहरू र बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी बालबालिका सम्बन्धी वार्षिक प्रतिवेदन कार्यपालिकाबाट स्वीकृति गराई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र सार्वजनिक गर्ने, वेवसाइटमा राख्ने, समिति तथा स्थानीय तहमा सुरक्षित राख्ने र सोको एक/एक प्रति जिल्ला समन्वय समिति, प्रदेश मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउने,

(झ) बालबालिका सम्बन्धी तथ्याङ्क विवरण संकलन, अभिलेखीकरण तथा सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

(ञ) स्थानीय तह मार्फत नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई बाल संरक्षण तथा बाल अधिकार प्रवर्द्धनका लागि द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार एवम् अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त सहायताबाट आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने,

(ट) नेपाल सरकार, प्रदेश सरकार र जानकी गाउँपालिकाको स्वीकृत योजना, वार्षिक नीति तथा कार्यक्रम अनुकूल प्राथमिकता निर्धारण गरी बाल संरक्षण तथा बाल अधिकार प्रवर्द्धनका लागि विशेष राष्ट्रिय अभियान सञ्चालनमा सहयोग गर्ने,



Scanned with CamScanner

(ठ) जानकी गाउँपालिकामा बालबालिका खोजतलास नं. १०४ तथा बाल हेल्पलाइन नं. १०९८ नेपाल सञ्चालन सेवा अभिवृद्धिमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(ड) धर्मपुत्र धर्मपुत्री लिन दिन चाहने दम्पत्ति तथा व्यक्तिलाई समितिमा सूचिकृत गरी आन्तरिक धर्मपुत्र धर्मपुत्री लिने दिने व्यवस्यालाई सहजीकरण गर्ने, विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक र माथवर नियुक्त गर्न गाउँपालिकालाई र अदालतलाई सहयोग गर्ने,

(ढ) ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिम सञ्चालन हुन नसकेका बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्र बन्द तथा कारबाही गर्न सुझाव तथा प्रतिवेदन सहित मन्त्रालयमा सिफारिस गर्ने,

(ण) गाउँपालिका भित्र हुन सक्ने बाढी, पहिरो, हुरी बतास, शीत लहर र आगो जस्तो प्राकृतिक प्रकोप, मानवबाट सिर्जित संकट तथा कोरोना र इन्फ्लूञ्जा जस्तो महामारीबाट बालबालिकाको तत्काल आकस्मिक उद्धार, संरक्षण तथा व्यवस्थापनमा सहयोग गर्ने,

(त) गाउँपालिका भित्र सञ्चालित बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र लगायतमा आश्रित बालबालिकाको समग्र स्थिति उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्दा प्राप्त विवरण सहित देहायका कुराहरूको समेत जाँचबुझ गरी सोको एक/एक प्रति वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रदेश समिति, प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

(१) बालबालिकाको वैयक्तिक विवरण अद्यावधिक गरी राखेको छ वा छैन,

(२) बालबालिकालाई नियमित रुपमा शिक्षा तथा तालीम प्रदान गरिएको छ वा छैन,

(३) बाल क्लब गठन गरी बालबालिकालाई खेलकूद, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम लगायतका बाल सहभागिता जस्ता अन्य क्रियाकलापमा संलग्न गराइएको छ वा छैन,

(४) बालबालिकालाई ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिमको सुविधा प्रदान गरिएको छ वा छैन,

(५) बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रमा कुनै अवाञ्छित कार्य भए गरेको छ वा छैन,



Scanned with CamScanner

(६) उपखण्ड (५) मा उल्लेखित गृह र केन्द्रमा बालमैत्री व्यवहार तथा वातावरण कायम गरिएको छ वा छैन,

(७) बाल गृहमा आश्रित बालबालिका वैकल्पिक हेरचाहको व्यवस्थाको प्राथमिकतानुसार अन्तिम विकल्पको रूपमा बाल कल्याण अधिकारबाट व्यवस्था मिलाइ राखिएको छ वा छैन,

(८) व्यवस्थापन पक्ष तथा बालबालिकाले ऐन, प्रचलित कानून वा मापदण्डको पालन गर्नु पर्ने कुराहरु पालन गरेको छ वा छैन,

(९) उपलब्ध स्रोत साधनलाई मध्य नजर गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको छ वा छैन,

(१०) बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गरिएको छ वा छैन ।

(२) समितिले उपदफा (१) बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकता अनुसार बाल कल्याण अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१६. **बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था:** जानकी गाउँपालिकाको बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम निर्धारण गरिएको छ:-

(१) समितिको बैठक कम्तीमा वर्षको चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ,

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य-सचिवले बोलाउनेछ,

(३) सदस्य सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरूको सूची तीन दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ,

(४) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ,

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ,

(६) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ,

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ,



Scanned with CamScanner

(८) समितिको बैठक तथा सञ्चालन खर्च स्थानीय तहको नियमानुसार हुनेछ,

(९) बैठक सम्बन्धी अन्य कार्य समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१७. उपसमिति वा कार्यटोली गठन गर्न सक्ने : (१) समितिले आफूले गर्नु पर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नको निमित्त बाल विशेषज्ञ वा विज्ञ, बाल मनोविज्ञ, समाजसेवी, सामाजिक कार्यकर्ता, शिक्षक, चिकित्सक, बाल क्लबका प्रतिनिधि, सामाजिक परिचालक तथा बाल अधिकारकर्मीहरु मध्ये आवश्यकतानुसार समावेश हुने गरी निश्चित अवधिका लागि बढीमा तीन सदस्यीय उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीको काम, कर्तव्य, अधिकार, कार्य प्रकृति अनुसार काममा खटिए वा काम गरे वापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यविधि स्थानीय तहको प्रचलित नियमानुसार समितिले तोकी दिए बमोजिम हुनेछ ।

१८. वडा स्तरीय बाल अधिकार समिति : (१) वडा स्तरीय बाल अधिकार समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्य रहनेछन् -

(क) सम्बन्धित वडाको वडा अध्यक्ष -अध्यक्ष

(ख) वडा सदस्य ४ जना - सदस्य

(ग) गाउँपालिका भित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापक वा शिक्षक, सूचीकृत समाज सेवी वा सामाजिक कार्यकर्ता र बाल मनोविज्ञ गरी तिन जना - सदस्य

(घ) वडाको स्वास्थ्य चौकी, ईकाइ हेर्ने प्रमुख मध्ये अध्यक्षले तोकेको एक जना - सदस्य

(ङ) वडा स्तरीय बाल क्लब वा सञ्जालको अध्यक्ष र उपाध्यक्ष गरी २ जना -सदस्य

(च) स्थानीय प्रहरी प्रमुख, नेपाल प्रहरी - सदस्य

(छ) अपांगता अधिकारको क्षेत्रमा सक्रिय व्यक्ति एक जना - सदस्य

(ज) बाल अधिकार, बाल संरक्षण, बाल कल्याण, शिक्षा, स्वास्थ्य तथा बाल न्यायका क्षेत्रमा क्रियाशिल गै.स.स. मध्येबाट अध्यक्षले मनोनयन गरेका एक जना - सदस्य



Scanned with CamScanner

(झ) वडा सचिव - सदस्य - सचिव

(२) उपदफा (१) को खण्ड (ग), (ज) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ र खण्ड (ज) बमोजिम सदस्यमा मनोनयन हुनको लागि देहाय बमोजिमको योग्यता पूरा भएको हुनु पर्नेछ:-

(क) नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा भएको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा आधारभूत तह उत्तीर्ण गरेको,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसार पसार, लागू औषध बिक्री, वितरण तथा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण सम्बन्धी कसूर, सङ्गठित अपराध, बालबालिका विरुद्धको कसूर, बाल अधिकार हनन् वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको,

(ङ) मनोनित हुँदाको बखत राजनीतिक दलको सदस्य नरहेको,

(३) उपदफा (२) मा जेसुकै लेखेको भएता पनि वडा सदस्य, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विभिन्न संघसंस्थाका प्रतिनिधि तथा अन्य पदेन सदस्यहरू तथा बाल सञ्जालका प्रतिनिधिहरूका हकमा उमेर, बसोबास क्षेत्र, शैक्षिक योग्यताको आधारमा सदस्य हुन अयोग्य मानिने छैन ।

१९ वडा स्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार : (१) वडा स्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) वडाबाट प्रस्तावित हुने बालबालिका र बाल अधिकार सम्बन्धी योजना, नीति र कार्यक्रमहरू बाल अधिकारमा आधारित सहभागितामूलक ढंगबाट निर्माण गर्ने,

(ख) वडा तहमा बाल अधिकारका सचेतना, प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने गराउने,

(ग) वडालाई बालमैत्री बनाउने सिङ्गो प्रक्रियाको नेतृत्व लिने,

(घ) वडा तहमा बाल अधिकारको अवस्था अनुगमन तथा अध्ययन अनुसन्धान गर्ने गराउने,

(ङ) बालबालिकाको सम्बन्धमा प्राप्त उजूरीहरूको संकलन गर्ने र रायसहित न्यायिक समितिमा पठाउने,



Scanned with CamScanner

(च) बालबालिकासँग परामर्श तथा छलफल कार्यक्रम गर्ने गराउने,

(छ) वडास्तरमा बालश्रम, बाल विवाह, बेचविखन, ओसारपसार, बालबालिका विरूद्द हुने हिंसा, दुर्व्यवहार, शोषण अन्त्यका लागि बाल संरक्षण मापदण्ड तर्जुमा गरी कार्यान्यिन गर्ने,

(ज) सार्वजनिक सुनुवाइका समयमा स्थानीय तहबाट सम्पन्न भएका बाल अधिकारका कार्यहरूको प्रगति विवरण सार्वजनिक गर्ने,

(झ) वडा तहमा बाल अधिकारका लागि कार्यरत सरकारी निकाय, संघसंस्था, परियोजना तथा सेवाहरूको नक्सांकन गर्ने,

(ञ) बालअधिकारको संरक्षण तथा सम्बर्धनका लागि बहुपक्षीय निकायहरूसंग समन्वय तथा सहकार्य गर्ने,

(ट) वडामा रहेका बालक्लब सञ्जाल, समूहको सूची तयार गरी स्थानीय बाल अधिकार समितिमा पेश गर्ने,

(ठ) वडामा सञ्चालित बालगृह, अस्थायी संरक्षण सेवा केन्द्रहरूको अनुगमन गरी स्थानीय बाल अधिकार समितिमा प्रतिवेदन पेश गर्ने ।

## परिच्छेद ६
## बाल कल्याण अधिकारी

२०. **बाल कल्याण अधिकारीको नियुक्तीः** (१) गाउँपालिकाले बालबालिका सम्बन्धी ऐनको दफा ६१ को उपदफा (१) बमोजिम हुने गरी एकजना बाल कल्याण अधिकारी, स्थानीय तहको कर्मचारी पदपुर्ति प्रक्रिया अनुसार नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बाल कल्याण अधिकारीको नियुक्ति नभएसम्म गाउँपालिकाले महिला तथा बालबालिका शाखा प्रमुख वा अधिकृत स्तरको अन्य कुनै कर्मचारीलाई बाल कल्याण अधिकारी तोक्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त बाल कल्याण अधिकारीले स्थानीय बाल अधिकार समितिको सदस्य सचिवको रूपमा काम गर्नेछ ।

२१. **बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकारः** बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय बाल अधिकार समितिको निर्णय एवं निर्देशनहरू कार्यान्वियन गर्ने वा गराउने,



Scanned with CamScanner CamScanner

(ख) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट स्वीकृत नीति र योजना अनुरूप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न स्थानीय तह र स्थानीय बाल अधिकार समितिलाई आवश्यक सहयोग गर्ने एवं कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको बैठकमा पेश गर्ने,

(ग) स्थानीय तहभित्र स्थायी तथा अस्थायी रूपमा बसोबास गर्ने सबै बालबालिकाले प्राप्त गर्नुपर्ने हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागिताको अवस्था सम्बन्धी तथ्याङ्क संकलन, अध्यावधिक र विश्लेषण गरी प्रतिवेदन तयार गर्ने,

(घ) स्थानीय तहका जोखिममा परेका, विशेष संरक्षणको आवश्यकता भएका, वैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसुरबाट पीडित बालबालिकाको तत्काल उद्दार, मनोसामाजिक विमर्श, उपचार, अस्थायी संरक्षण, आमाबाबुलाई पारिवारिक सहयोग, पारिवारिक पुनर्मिलन तथा वैकल्पिक स्याहार लगायतका कार्य गर्ने,

(ङ) खण्ड (घ) बमोजिमका कार्य गर्न कार्ययोजना तयार गरी स्थानीय बाल अधिकार समिति समक्ष स्वीकृतिका लाग पेश गर्ने र स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने,

(च) खण्ड (घ) मा उल्लेखित बालबालिकाको सहायताका लागि यस नियमावली बमोजिम जारी हुने निर्देशिका तथा मापदण्डमा उल्लेख भए बमोजिमको अन्य कार्य गर्ने,

(छ) आन्तरिक तथा अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्रीका रुपमा जान योग्य, भौगोलिक क्षेत्र भित्र स्थायी ठेगाना भएका बालबालिकाको विवरण स्थानीय तहबाट स्वीकृत गराई राष्ट्रिय बाल अधिकार परिषद्रुलाई उपलब्ध गराउने,

(ज) बालबालिका विरूद्धको कसूरको अनुसन्धान प्रक्रियामा पीडित तथा कानूनको विवादमा परेका बालबालिकाको अस्थायी तथा पारिवारिक संरक्षणका लागि प्रहरी कार्यालय तथा अदालतलाई आवश्यक सहयोग उपलब्ध गराउने,

(झ) बालबालिका सम्बन्धी ऐनको दफा ४९ बमोजिम स्थानीय तहभित्र भएको वैकल्पिक हेरचाहको व्यवस्था, पुनर्स्थापना केन्द्र, अस्थायी संरक्षण सेवा, निगरानी कक्ष, तथा बालबालिकालाई शैक्षिक प्रयोजनका लागि राखिएका मठ, गुरूकूल, गुम्बा, मदरसा, चर्च जस्ता आवासीय गृहको नियमित अनुगमन गरी सो को प्रतिवेदन बालअधिकार समिति तथा अन्य सम्बन्धीत निकायमा पेश गर्ने,

(ञ) स्थानीय तहमा भएका बालअधिकार उल्लंघन सम्बन्धी घटनामा बालबालिकाको तत्काल उद्दार, राहत, संरक्षण र घटना व्यवस्थापन सम्बन्धी कार्य गर्ने,



Scanned with CamScanner

(ट) मुलुकी देवानी संहिता, २०७४ बमोजिम बालबालिकाको संरक्षक वा माथवर नियुक्तिका लागि अदालतमा निवेदन दिने,

(ठ) बालबालिकाको लागि वैकल्पिक हेरचाहको उपलब्धताको प्रतिवेदन अदालतले माग गरेको अवस्थामा पेश गर्ने,

(ड) वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्न, नागरिकता बनाउन र निजको चल अचल सम्पत्तिको अभिलेख राखी संरक्षण गर्न सम्बन्धीत निकायमा सहजीकरण तथा सिफारिस गर्ने,

(ढ) बालबालिकाको गोपनियताको हकको उल्लंघन नहुने गरी खण्ड (ग), (झ), (ञ) र प्रचलित कानून बमोजिम प्रकाशित गर्नुपर्ने सूचना समेतको प्रतिवेदन स्थानीय बाल अधिकार समितिको स्वीकृतिमा प्रकाशन गर्ने र सोको विवरण आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्रदेश बाल अधिकार समिति र राष्ट्रिय बाल अधिकार परिषदमा पेश गर्ने,

(ण) स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालबालिकाका विषयलाई प्राथमिकता दिन पहल गर्ने,

(त) समितिबाट प्रत्यायोजित अन्य काम गर्ने गराउने ।

## परिच्छेद ७

## बाल मनोविज्ञ वा मनोसामाजिक विमर्शकर्ता, समाजसेवी तथा सेवा प्रदायक निकाय सम्बन्धी व्यवस्था

२२. **समाजसेवी तथा बाल मनोविज्ञ वा मनोसामाजिक विमर्शकर्ताको सूची तथा नियुक्ती :** (१) स्थानीय तहमा रहि समाजसेवी तथा बालमनोविज्ञ वा मनोसामाजिक विमर्शकर्ताको रूपमा काम गर्न चाहने व्यक्तिले स्थानीय बाल अधिकार समिति समक्ष आफ्नो नाम सूचीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समाजसेवी तथा मनोविज्ञ वा मनोसामाजिक विमर्शकर्तालाई सूचीकृत गर्नका निमित्त स्थानीय बाल अधिकार समितिले निवेदकले पेश गर्नुपर्ने आवश्यक कागजात तथा विवरणको सूचीसमेत संलग्न गरी सात दिनको सार्वजनिक सूचना जारी गर्नेछ ।



Scanned with CamScanner

(३) समाजसेवी तथा बाल मनोविज्ञ वा मनोसामाजिक विमर्शकर्ताको रूपमा काम गर्न इच्छुक व्यक्तिले सूचनामा तोकिए बमोजिमका कागजात तथा व्यक्तिगत विवरण सहित स्थानीय बालअधिकार समितिमा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझ गर्दा स्थानीय बाल अधिकार समितिले तोकेको न्यूनतम योग्यता पुगेका निवेदकहरूलाई समाजसेवीका रूपमा स्थानीय बाल अधिकार समितिले सूचीकृत गरी सोको सूचना प्रकाशन गर्नेछ ।

(५) समाजसेवीको छनौट र नियुक्तिको प्रक्रिया, निजको काम, कर्तव्य, अधिकार, पारिश्रमिक तथा अन्य सुविधा स्थानीय बाल अधिकार समितिको सिफारिसमा स्थानीय तहले तोके बमोजिम हुनेछ ।

(६) उपदफा (५) बमोजिम नियुक्त हुने समाजसेवीको पारिश्रमिक स्थानीय तहले व्यवस्था गर्नेछ ।

२३. **सेवा प्रदायक निकायको नक्सांकन तथा सूचीकरण:** (१) स्थानीय तहमा रही बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि ईच्छुक सामाजिक संस्थाहरू स्थानीय तहमा अनिवार्य रूपमा सूचीकृत हुनु पर्दछ ।

(२) उपदफा (१) सूचीकृत गर्नका निमित्त स्थानीय बाल अधिकार समितिले निवेदकले पेश गर्नुपर्ने आवश्यक कागजात तथा विवरणको सूचीसमेत संलग्न गरी सात दिनको सार्वजनिक सूचना जारी गर्नेछ ।

(३) स्थानीय तहमा सूचीकृत हुन इच्छुक सेवा प्रदायक निकायले सूचनामा तोकिए बमोजिमका कागजात तथा संस्थागत विवरण सहित स्थानीय बाल अधिकार समितिमा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझ स्थानीय बाल अधिकार समितिले तोकेको योग्यता पुगेका निवेदकहरूलाई सेवा प्रदायक निकायको रूपमा स्थानीय बाल अधिकार समितिले सूचीकृत गरी सो को सूचना प्रकाशन गर्नेछ ।

(५) उपदफा (४) बमोजिम सूचीकृत भएका निकायलाई समितिले आवश्यक परेको बेलामा सम्झौता गरी सेवा प्रवाहको अवसर प्रदान गर्नेछ ।



Scanned with CamScanner

## परिच्छेद ८

## वाल कोषको स्थापना, सञ्चालन तथा व्यवस्थापन

**२४. स्थानीय वाल कोषको स्थापना:** (१) वालबालिका सम्वन्धी ऐनको दफा ६३ को उपदफा (१) र (४) बमोजिमको कार्य प्रयोजनको लागि एक स्थानीय बाल कोष रहनेछ ।

(२) उपदफा (१) वमोजिमको बाल कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्:-

(क) स्थानीय तहबाट वार्षिक रूपमा विनियोजित वजेट,

(ख) संघ संस्थाबाट प्राप्त हुने सहायता,

(ग) निजी व्यवसाय तथा व्यक्तिहरूबाट प्राप्त हुने आर्थिक सहायता,

(घ) स्थानीय न्यायिक समितिबाट बालबालिका विरूद्ध हिंसाका घटनामा गरिएको जरिवानाबाट प्राप्त हुन सक्ने रकम,

(ङ) बाल अधिकारको संरक्षण तथा सम्वर्धनका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(च) अन्य स्रोत ।

स्पष्टीकरण: वैदेशिक सहयोग रकम वा विदेशी संस्थाबाट बाल कोषमा रकम जम्मा गर्दा नेपाल सरकार अर्थ मन्त्राय वा स्थानीय कानून बमोजिमको निकायको स्वीकृति लिनु पर्नेछ ।

**२५. बाल कोष सञ्चालक समिति:** (१) बाल कोष सञ्चालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको एक स्थानीय बाल कोष सञ्चालक समिति रहनेछ:-

(क) उपाध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय - सदस्य

(ग) लेखा - सदस्य

(घ) स्थानीय वाल अधिकार समितिका सदस्यमध्ये समितिले तोकेको १ जना - सदस्य

(ङ) बाल कल्याण अधिकारी - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकतानुसार सम्वन्धीत सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।



Scanned with CamScanner

२६. बाल कोष सञ्चालक समितिको कान, कर्तव्य र अधिकार : बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) तत्कालीन समयमा स्थानीय तहभित्र आपत्कालीन अवस्थामा रहेका बालबालिकाको उद्धार संरक्षणका लागि स्थापना भै सञ्चालनमा रहेका स्थानीय बाल संरक्षण समिति, गाउँ बाल संरक्षण समिति र वडा बाल संरक्षण समिति लगायतका नाममा रहेका बाल कोषहरुको रकम खोजी गरी यस कार्यविधि बमोजिम बनेको बाल कोषमा जम्मा गर्ने गराउने,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुर्नस्थापन गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ग) सहयोगको आवश्यकता भएका बालबालिकालाई दफा २८ बमोजिमको बाल कोषको प्रयोग र दफा २९ बमोजिमको खर्चको सीमाको आधारमा सहयोग गर्ने,

(घ) बालकोष वृद्धिको लागि स्रोतको खोजी गर्ने ।

२७. बाल कोष सञ्चालक समितिको बैठक: बालकोष सञ्चालक समितिको बैठक सम्बन्धी व्यवस्था सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२८. बाल कोषको प्रयोग: बाल कोषको प्रयोग देहाय बमोजिमको प्रयोजनको लागि गरिनेछ:-

(क) विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा रहेका बालबालिकाको उद्धार, राहत, अस्थायी संरक्षण सेवा, पारिवारिक पुनर्मिलन तथा पुर्नस्थापना, मनोसामाजिक परामर्श, स्वास्थ्य उपचार, कानूनी उपचार, र छात्रवृत्ति जस्ता सेवा प्रदान गर्न,

(ख) अदालतको आदेशानुसार स्थानीय तहभित्रका बालबालिकालाई क्षतिपूर्ति दिन र बालबालिकाको हक हित सम्बन्धमा कोष सञ्चालक समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन ।

(ग) बालबालिकाको हक हित सम्बन्धमा समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन ।

(२) बालकोषबाट गरिने बालबालिकाको सहयोगका लागि देहाय अनुसारको कागजात पेश गर्नुपर्नेछ:-

क) सहयोग माग सम्वन्धी निवेदन,

ख) सम्वन्धित वडाको सिफारिस,



Scanned with CamScanner

ग) जन्मदर्ता,

घ) जन्मदर्ता नहुने बालबालिकाको हकमा मान्यता प्राप्त चिकित्सकबाट उ निर्धारण गरेको कागज ।

**२९. बाल कोष रकमको खर्च सीमा:** १) बाल कोषको रकम देहायको अवस्था सीमाभित्र रही कोष सञ्चालक समितिको निर्णयबाट खर्च गर्न सकिनेछ:-

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई घर फिर्ती तथा स्वास उपचार सेवाका लागि वार्षिक एक पटक अधिकतम रू. दश हजारसम्म,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अस्थायी आवा मनोविमर्श, यातायात तथा कानूनी सहायतामा लाग्ने खर्च वार्षिक अधिकत रू. पच्चिस हजारसम्म,

(ग) विशेष संरक्षणको आवश्यकता भएका र तत्काल सहयोगको आवश्य भएका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक सहयोग, स्वास्थ्य से एवम् सामाजिक संरक्षण वापत वार्षिक एक पटक अधिकतम प्रति बालबालि रू. पाँच हजारसम्म,

(घ) अदालतले तोकेको क्षतिपूर्ति पीडकबाट प्राप्त गर्न सक्ने अवस्था नभए खण्डमा अदालतको आदेशानुसार तोकेको क्षतिपूर्ति रकम,

(ङ) माथि खण्ड (क) देखि खण्ड (घ) सम्म बाहेक विशेष संरक्षणको आवश्यकत भएका तथा जोखिममा परेका बालबालिकाको संरक्षणका लागि सहयोग रकमक सीमा कोष सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) बाल कोषको रकम तालीम, गोष्ठी, भ्रमण, अनुगमन, प्रशासनिक कार्य, बैठक भत्ता र सचेतना मूलक जस्ता कार्यक्रममा खर्च गर्न पाइनेछैन ।

**३०. बाल कोषको खाता सञ्चालन:** (१) बाल कोषको खाता सञ्चालक समितिक निर्णयले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहमतिमा नेपाल राष्ट्र बैंकबा इजाजत प्राप्त पायक पर्ने क वर्गको बैंक खाता खोली सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बाल कोषको रकम खर्च नभइ आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुनेछैन ।

**३१. वाल कोषको लेखा र लेखापरीक्षण:** (१) बाल कोपको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) बाल कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।



Scanned with CamScanner

## परिच्छेद-९
## विविध

३२. स्रोतको व्यवस्थापनः गाउँपालिका तथा वडा कार्यालयले बाल अधिकारको संरक्षण तथा सम्वर्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयनका लागि आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ ।

३३. प्रोत्साहन पुरस्कारको व्यवस्थाः बाल अधिकारको संरक्षण तथा सम्वर्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बालक्लब तथा सञ्जाल लाई गाउँपालिकाले उचित पुरस्कार प्रदान गर्न सक्नेछ ।

३४. कार्यविधिको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकारः कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार जानकी गाउँ कार्यपालिकालाई हुनेछ ।

३५. संसोधन गर्न सकिनेः यस कार्यविधिलाई जानकी गाउँपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

३६. यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः जानकी गाउँपालिकाले यो कार्यविधि लागू हुनुभन्दा अघि गरेका बालबालिका सम्बन्धी कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।



Scanned with CamScanner

## अनुसुची १
## निवेदन ढाँचा

मिति : ......................

श्री बालकल्याण अधिकारी ज्यू,
जानकी गाउँपालिका, दुर्गौली कैलाली,
सुदूरपश्चिम प्रदेश, नेपाल ।

विषय : बालक्लब, सञ्जाल दर्ता गरी पाऊँ ।

महोदय,

हामीले जानकी गाउँ बाल क्लब/सञ्जाल नामका बालक्लब, सञ्जाल खोल्न चाहेको स्थानीय तहवाट स्वीकृत " बालअधिकार संरक्षण तथा सम्वर्धन सम्वन्धी कार्यवि २०८१ को परिच्छेद ४ (९) ले गरेको व्यवस्था बमोजिम वालक्लब/सञ्जाल द गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं । प्रस्तावित बाल क्ल सञ्जाल विधान दुई प्रति, वडाको सिफारिस, बालक्लब, सञ्जाल दर्ता अभिलेख फार र बालक्लब, सञ्जाल पदाधिकारीहरुको जन्म दर्ता प्रमाण पत्रको फोटोकपी यसै सा संलग्न गरिएको छ ।

बालक्लब, सञ्जाल आवद्धताका लागि संलग्न कागजातहरु

१) अनुसूची १ अनुसारको निवेदन
२) अनुसूची २ अनुसारको विधान २ प्रति
३) बालक्लवको निर्णय
४) विद्यालयको हकमा विद्यालयको सिफारिस
(५) वडाको सिफारिस
६) बालक्लवको कार्यसमितिको बालबालिकाहरुको जन्मदर्ताको प्रतिलिपी

भवदीय
अध्यक्ष



Scanned with CamScanner

## अनुसुची २
## श्री जानकी गाउँ बाल क्लब, सञ्जालको
# गठन तथा कार्य संचालन निर्देशिका २०८१ ( विधान) नमुना

प्रस्तावनाः

राष्ट्र निर्माणको लागि बालबालिकाहरुको समेत भूमिका महत्वपूर्ण हुने भएकोले उनीहरुको शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक विकास गर्दै बालबालिकाहरुको हकहित एवं बाल अधिकारको विषयमा जनचेतना जगाई सामाजिक, सांस्कृतिक, शैक्षिक एवं अन्य सम्बद्ध क्षेत्रमा समेत बाल सहभागिता जुटाउन र बाल विकासका साथै बाल संरक्षणको पहल गर्न वाञ्छनीय भएकाले यो विधान बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः यस विधानको नाम "जानकी गाउँपालिका बाल क्लब, सञ्जाल गठन तथा कार्य संचालन निर्देशिका २०८१" रहने छ। यो विधान जानकी गाउँ पालिकाबाट स्वीकृत भए पछि तुरुन्तै लागु हुनेछ।

२. बाल क्लव, सञ्जालको छापः यस जानकी गाउँपालिकामा दर्ता भएका बाल क्लव, सञ्जालको छाप अनुसुची ३ बमोजिमको हुनेछ ।

३. कार्यालयः यस विधान बमोजिम गठित जानकी गाउँ बाल क्लब, बाल सञ्जालको कार्यालय जिल्ला कैलाली जानकी गा.पा. वडा नं. ........... स्थित ....................... रहनेछ ।

४. ठेगानाः यस बाल क्लब, सञ्जालको पत्राचार इमेल वा सम्पर्क ठेगाना निम्न बमोजिम हुनेछः

.......................................................................................................

५. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

(क) "बाल क्लब, सञ्जाल" भन्नाले यस विधानको धारा ७ अनुरुप गठित बाल क्लब, सञ्जाल जनाउने छ। यो बाल क्लब, सञ्जाल जानकी गाउँपालिका भित्र आवद्धता भएको बाल क्लव, सञ्जाललाई जनाउनेछ ।

(ख) "बालबालिका" भन्नाले यस विधानको प्रयोजनको लागि ८ वर्षदेखि माथि १८ वर्ष ननाघेका बालबालिकाहरुलाई जनाउनेछ ।

(ग) "विशेष संरक्षणको आवश्यकता भएका बालबालिका" भन्नाले अनुसुची १० मा उल्लेख भए बमोजिमका बालबालिकाहरुलाई जनाउनेछ ।



Scanned with CamScanner

६. उद्देश्य एवं कार्यहरु :

यस जानकी गाउँपालिका "बाल क्लब, सञ्जाल" को देहाय बमोजिमका उद्देश्य एवं कार्यहरु रहनेछन् :

(क) बालबालिकाहरुको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक तथा सहभागितात्मक विकासको अभिबृद्धि गर्ने,

(ख) बाल अधिकार सम्बन्धी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कानूनको बारेमा सचेतना गराउनु,

(ग) बाल समूहको विस्तार र संगठनात्मक क्षमता अभिबृद्धि गर्ने,

(घ) धर्म, वर्ण, लिङ्ग, जातजाति वा अन्य कुनै आधारमा बालबालिकाहरुलाई विना भेदभाव समान अवसर प्रदान गर्ने बारे जनचेतना जगाउने,

(ङ) बालबालिकाहरुको विरुद्ध हुने घरायसी हिंसा, बाल यौन शोषण, बाल दुर्व्यवहार, बालश्रम, बाल बेचविखन, बाल विवाह जस्ता सामाजिक विकृतिका विरुद्ध स्थानीय रुपमा सचेतना जगाई सो को कानूनी उपचारको लागि,

(च) बाल अधिकार सम्वन्धी विविध कार्यक्रमहरु संचालन गर्ने,

(छ) बाल विकास सम्बन्धी विविध कार्यक्रमहरु संचालन गर्नु,

(ज) पूर्व बालविकास सम्वन्धी कार्यक्रमहरुमा सहभागी गराउनु,

(झ) बालबालिका सम्बन्धी हरेक गतिविधिमा सहभागिता गराउनु,

(ञ) वातावरण स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई बाल गतिविधिमा समावेश गराउनु,

(ट) आफ्नो समूह भित्रका बालबालिका सम्बन्धी विविध आधारमा तथ्यांकसंकलन गर्नु,

(ठ) बालबालिकाहरुको समस्या पहिचान गरी सो समस्या सम्बन्धीत निकायमा पुर्‍याउन र समाधान गर्ने प्रयत्न गर्नु,

(ड) जन्मदर्ता, बाल शिक्षा, बालिका शिक्षा, बालबृद्धि (तौल) सरसफाई, खोप पोषण, बालस्याहार, आयोडिनको महत्व जस्ता मातृ एवं बाल स्वास्थ्यको विषयमा सन्देश वाहकको रुपमा कार्य गर्ने,

(ढ) बालबालिकाहरुसँग सम्वन्धित रोग झाडा पखाला, निमोनिया तथा खुल्ला दिशा पिसाव मुक्त क्षेत्र वनाउने लगायतका विषयमा समाजगा जानकारी एवमं सो को निरकरणको लागि चेतना जगाउनु,

(ण) पिछडिएका, जोखिममा परेका, विपन्न, द्वन्द एवं दैवी प्रकोपवाट पीडित बालबालिकाहरुको पुर्नस्थापनाको लागि पहल गर्नु,

(त) अन्य बाल समूहहरु वा निकायसँग समेत समन्वय गरी एकिकृत रुपमा काम गर्ने,

(थ) बालबालिकाको पूर्ण विकासका लागि अन्य विविध रचनात्मक कार्यक्रमहरु संचालन गर्ने,

(द) एच.आई.भि. एड्सका सम्वन्धमा जनचेतना जागृत गराउने,

(ध) बाल विवाह, बहुविवाह, अनमेल विवाह, जातीय भेदभाव एवं दाइजो प्रथा लगायत सामाजिक विकृतिको विरुद्ध जनचेतना जगाउने,

(न) बालबालिकाहरुलाई विविध प्रतिस्पर्धात्मक गतिविधिमा विना भेदभाव बालबालिकालाई सरिक गराउन पहल गर्ने ।

७. गाउँ बाल क्लब, बाल सञ्जालको गठनः

७.१ गाउँ पालिका बाल क्लब, सञ्जालको गठन समूहका साधारण सदस्यहरुको साधारण सभाबाट हुने निर्वाचन प्रकृयाबाट हुनेछ । यस गाउँ क्लब, बाल सञ्जालको कार्य समितिमा निम्नानुसारका पदाधिकारी हुनेछन्ः

(क) अध्यक्ष : १ जना

(ख) उपाध्यक्ष : १ जना

(ग) सचिव : १ जना

(घ) सहसचिव : १ जना

(ङ) कोषाध्यक्ष : १ जना

(च) सदस्य : कम्तिमा ७ जना र बढिमा २० जनासम्म

(छ) सल्लाहकार : आवश्यकतानुसार (कम्तिमा ३ जना र बढीमा ५ जना)

(ज) संरक्षक : १ जना

७.२ गाउँ बाल क्लब, सञ्जालको कार्य समितिको संरचना समावेशीताको आधारमा गठन हुनेछ ।

सल्लाहकारः

गाउँपालिका बाल क्लब, बाल सञ्जालले सल्लाहकार नियुक्ति गर्दा निम्न आधारमा गर्नु पर्दछ :

(क) पूर्व बाल क्लब, सञ्जालको अध्यक्ष पदेन सल्लाहकार हुनेछ,

(ख) स्थानीय शिक्षक, खेलाडी, प्रतिष्ठित विद्वान, प्राध्यापक वा समाजका प्रतिष्ठित व्यक्ति वा सम्बन्धीत संस्थाका सदस्यहरुका अभिभावक मध्येबाट आवश्यकतानुसार सल्लाहकारहरु रहने छन् ।



Scanned with CamScanner

९. संरक्षक :

गाउँ बाल क्लब, सञ्जालको संरक्षकमा बाल क्लब, सञ्जाललाई अभिभावकको रुपमा आर्थिक वा व्यवस्थापकीय सहयोग प्रदान गर्ने संस्था, व्यक्ति रहने छन्। संरक्षकको नियुक्ति बाल समूहको निर्णय अनुसार हुनेछ।

९. १. विद्यालयमा एकजना शिक्षक संरक्षक र प्राधानाध्यापक प्रमुख संरक्षक शिक्षक रहनेछन्।

१०. पदावधिः

गाउँ बाल क्लब, सञ्जालको पदावधी गठन भएको मितिले २ वर्षको हुनेछ। कुनै पदाधिकारीले राजिनामा दिएमा वा अन्य कुनै कारणले पद रिक्त भएमा पदाधिकारीको हकमा बाँकी अवधिका लागि सम्बन्धीत बाल क्लब, सञ्जालले आफु मध्ये[illegible] नियुक्ति गर्नेछ र सदस्य पदका लागि आफ्नो साधारण सदस्य मध्येबाट चयन गर्नु पर्नेछ।

११. पदाधिकारीको काम, कर्तव्य र अधिकारः

पदाधिकारीहरुको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ :-

(क) अध्यक्षको काम, कर्तव्य र अधिकारः अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१. गाउँ बाल क्लब, सञ्जालको बैठक र समूहको साधारण सभाको अध्यक्षता ग्रहण गर्ने,

२. गाउँ बाल क्लब, सञ्जालको वैठक वा साधारण सभामा आवश्यक प्रस्ताव र कागजात पेश गर्ने गराउने,

३. गाउँ बाल क्लब, सञ्जालको आम्दानी, खर्च हिसाब र अन्य कागजात सुरक्षित राख्ने राख्न लगाउने,

४. गाउँ बाल क्लब, सञ्जालको निर्णयको निर्देशन कार्यान्वयन गर्ने गराउने,

५. गाउँ बाल क्लब, सञ्जालको प्रतिनिधि चयन गरी पठाउने वा समूहको प्रतिनिधित्व गर्ने,

६. उपाध्यक्ष र सदस्यहरुलाई विषयगत कार्यभार विभाजन गरी दिने,

७. सात दिन भन्दा बढी समयका लागि अनुपस्थित भएमा उपाध्यक्षलाई र उपाध्यक्ष नभएमा आफू मध्येका वरिष्ठ सदस्यलाई कार्यवाहक अध्यक्ष तोक्ने,

८. गाउँ बाल क्लब, बाल सञ्जालको जिल्ला समन्वय समितिसँग समन्वय गरी वा अन्य संघ संस्था वा निकायहरुसँग कार्यक्रमको माग गर्ने र कार्यान्वयन गर्ने गराउने,



Scanned with CamScanner

९. तोकिएको अन्य कार्य गर्ने ।

ख. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः- उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

१. अध्यक्षको अनुपस्थितिमा कार्यबाहक अध्यक्ष भै कार्य गर्ने,
२. तोकिएको अन्य काम गर्ने ।

ग. सचिवको काम, कर्तव्य र अधिकारः सचिवले अध्यक्षको प्रत्यक्ष निर्देशनमा रही देहायको काम कर्तव्य र अधिकारको प्रयोग तथा पालन गर्नु पर्नेछ:-

१. बाल क्लब, सञ्जालको स्वीकृत कार्यक्रम कार्यान्वियन गर्ने,
२. बालबालिका वा बाल बाल क्लब, सञ्जालको सम्बन्धीत व्यक्तिको अभिलेख अद्यावधिक गर्ने,
३. बाल क्लब, सञ्जालको चल, अचल तथा जिन्सी सम्पत्तिको लगत राख्ने,
४. बाल क्लब, सञ्जालको बैठकको माइन्यूट गर्ने, निर्णय गर्ने पुस्तिका जिम्मा लिने र निर्णय प्रमाणित गर्ने,
५. बाल क्लब, सञ्जालको प्रशासकीय कार्य गर्ने,
६. अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउने,
७. तोकिएको अन्य कार्य गर्ने ।

घ. सहसचिवको काम, कर्तव्य र अधिकारः-

१. सचिवको अनुपस्थितिमा सचिवको कार्यभार सम्हाल्ने,
२. तोकिएको अन्य कार्य गर्ने ।

ङ. कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः-

१. बाल क्लव, सञ्जालको आय व्यय दुरुस्त राख्ने,
२. आर्थिक बजेट तयार गरी समूहको बैठकमा पेश गर्ने,
३. आर्थिक सहयोग जुटाउने,
४. आर्थिक कारोवार सम्वन्धी जिम्मेवारी पूरा गर्ने ।

च. सदस्यको काम कर्तव्य र अधिकारः-

१. वैठकमा सहभागी हुने,
२. निर्णयको लागि आफ्नो मत पेश गर्ने,
३. तोकिएको कार्य गर्ने,
४. समूहको हित हुने अन्य रचनात्मक कार्य गर्ने ।



Scanned with CamScanner

१२. सदस्यता:-

अ. सदस्यताको योग्यता:-

यस बाल क्लब/ सञ्जालको देहायका बालबालिका सदस्य हुन पाउने छन् :-

(क) उमेर कम्तिमा ८ वर्ष पुगी १८ वर्ष ननाघेको,

(ख) स्थायी सरुवा रोग नलागेको,

(ग) मानसिक स्वास्थ्य ठिक भएको,

(घ) समूहको निर्देशिकामा प्रतिबद्ध हुने ।

आ. सदस्यताको खारेजी:-

(क) मानसिक स्वास्थ्य ठिक नभएमा,

(ख) १८ वर्ष उमेर नाघेमा,

(ग) मृत्यु भएमा,

(घ) राजिनामा दिएमा,

(ङ) अविश्वासको प्रस्ताव पारित भई हटाइएमा,

(च) सदस्यता नविकरण नभएमा,

(छ) लगातार तीन पटक विना सूचना वैठकमा अनुपस्थित भएमा,

(ज) एक भन्दा बढी बाल क्लब, सञ्जालको सदस्यता लिएको पाइएमा वा प्रतिनिधित्व गरेमा ।

१३. समूहका पदाधिकारीको उमेरको हद:

गाउँपालिका बाल क्लब, सञ्जालको कार्यसमितिका पदाधिकारीको उमेर कम्तिमा ८ वर्ष पुगेको हुनु पर्नेछ र १६ वर्ष सम्मको रहनेछ ।

१४. आरक्षण:

यस गाउँपालिका बाल क्लब, सञ्जालको सम्पूर्ण सदस्य संख्याको कम्तिमा ५० प्रतिशत बालिका हुनुपर्नेछ तर समूहमा प्रर्याप्त बालिका सदस्य नभएमा पनि समूह कायमै रहनेछ ।

१५. सदस्यता शुल्क तथा नविकरण:

(क) गाउँपालिका बाल क्लब, सञ्जालको सदस्यता शुल्क वा नवीकरण शुल्क वा अन्य कुनै शुल्क बाल क्लवले तोके वमोजिम हुनेछ ।

(ख) बाल समूहका सदस्यले आ आफ्ना समूहमा हरेक वर्ष सदस्यता नविकरण गर्नु पर्नेछ,

(ग) गाउँपालिका बाल क्लब, सञ्जालको सदस्यता नवीकरण निवेदनको ढाँचा अनुसुची ८ बमोजिम हुनेछ ।



Scanned with CamScanner

१६. बैठक :

गाउँपालिका बाल क्लब, सञ्जालले कम्तिमा महिनाको एक पटक बैठक बस्नु पर्नेछ। बैठकको गणपूरक संख्या ५१% को उपस्थितिलाई मानिनेछ।

१७. निर्णय:

गाउँपालिका बाल क्लब, सञ्जालको बैठकमा वहुमतको निर्णय मान्य हुने छ तर मत वरावर भएमा अध्यक्षले निर्णायक मत दिने सक्नेछ।

नोटः निर्णय प्रक्रियामा संरक्षक वा सल्लाहकारले मतको प्रयोग गर्न पाउने छैनन्।

१८. निर्वाचन:

गाउँपालिका बाल क्लब, सञ्जालले प्रजातान्त्रिक पद्धति अनुरुप आफ्नो समूहको निर्वाचन पदावधि समाप्त हुनुभन्दा एक महिना पहिले सम्पन्न गर्नुपर्नेछ।

१९. निर्वाचन अधिकृत :

गाउँपालिका बाल क्लब, सञ्जालले आफ्ना संरक्षक एवं सल्लाहकार मध्येबाट कम्तिमा तीन जना निर्वाचन अधिकृत तोक्नु पर्नेछ। सो मध्ये एक जना मुख्य निर्वाचन अधिकृत रहने छन्। मुख्य निर्वाचन अधिकृतले निर्वाचन प्रक्रिया वा कार्यविधि आफैं निर्धारण गर्नेछ।

२०. कोष:

(क) यस वाल क्लब, सञ्जालले आफ्नो नामवाट एउटा कोषको स्थापना गर्नेछ।

(ख) बैंक वा वित्तिय संस्थामा खाता संचालन गर्न समूहले अध्यक्ष, कोषाध्यक्ष र संरक्षकको नामवाट सञ्चालन गर्नुपर्नेछ। कोषबाट रकम झिक्नु पर्दा समूहको निर्णय अनिवार्य रुपमा हुनु पर्नेछ। बाल क्लब/सञ्जालको निर्णय अनुसार कोषको रकम खर्च गर्न सकिने छ। तथा वैंक खाता खोल्नका लागि गाउँपालिकाको अनिवार्य सिफारिस लिनु पर्नेछ।

(ग) कोषमा देहायका स्रोतबाट रकम जम्मा हुनेछ:-

१. बालबालिकासँग सम्वन्धित निकायबाट प्राप्त सहयोग,
२. सहयोग, उपहार,
३. सदस्यता तथा नविकरण शुल्क,
४. सांस्कृतिक वा विविध रचनात्मक कार्यक्रमबाट उठेको रकम,
५. समूहको प्रकाशनबाट प्राप्त हुने रकम,
६. अन्य सामाजिक संघ संस्थाबाट प्राप्त रकम।

२१. प्रतिवेदन:

गाउँपालिका बाल क्लब, सञ्जालले आफ्नो वार्षिक साधारण सभाबाट पारित वार्षिक प्रतिवेदन जानकी गाउँपालिकामा पेश गर्नु पर्नेछ।



Scanned with CamScanner

२२. संशोधनः

यो विधान संशोधन गर्दा गाउँपालिका बाल क्लब, सञ्जालको साधारण सभाको दुई तिहाई सदस्यहरुको बहुमतले विधान संशोधन प्रस्ताव पारित भई गाउँपालिकाबाट स्वीकृत भएपछी यो निर्देशिका लागू हुनेछ ।

२३. बचाउः

प्रस्तुत विधानमा उल्लेखित कुराहरु प्रचलित नेपाल ऐन नियम वा विनियमसँग बाँझिएमा बाँझिएको हदसम्म यस विधानमा उल्लेखित कुराहरु स्वतः अमान्य हुनेछन् ।

२४. समूहको खारेजी वा विघटनः

कुनै कारणवश बाल क्लब, सञ्जाल खारेजीमा परेमा वा विघटन हुन गएमा त्यस बाल क्लब/सञ्जालको सम्पूर्ण चल अचल सम्पत्ति गाउँपालिकाको संरक्षणमा सर्नेछ ।

२५. विविध :

१. साधारण सभाः बाल क्लब, सञ्जालको साधारण वर्षको एक पटक बस्नेछ । साधारण सभाको सूचना प्रत्येक सदस्यहरुलाई १ महिना अगावै सचिवले दिनु पर्नेछ । साधारण सभामा समूहको वार्षिक कार्य प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन तथा वार्षिक कार्ययोजना सम्वन्धी प्रस्तावहरु निर्णयार्थ सञ्जालले पेश गर्नेछ । साधारणसभाको गणपूरक संख्या सञ्जालका साधारण सदस्यहरुको ५१% को उपस्थितिलाई मानिनेछ ।

२. कार्यविधि बनाउनेः निर्देशिकाको उद्देश्य प्राप्तीको लागि बाल क्लब, सञ्जालले आफूलाई आवश्यक पर्ने विनियम वनाउन सक्नेछन् साथै आवश्यक समिति र उपसमितिहरुको पनि गठन गर्न सक्नेछन । यो समितिको कार्यविधि बाल क्लब, सञ्जालले निर्धारण गर्नेछ ।

३. संशोधनः वाल क्लब, सञ्जालको विधान संशोधन गर्न परेमा निर्देशिका संशोधन प्रस्ताव समूहको साधारण सभाको दुई तिहाई वहुमतको निर्णय भई गाउँपालिकाबाट स्वीकृत भएपछि मात्र लागु हुनेछ ।

४. अविश्वासको प्रस्तावः बाल क्लब, सञ्जालको विधान विपरित कार्य गरेको भनि समितिका कुनै पदाधिकारी माथि समितिका एक तिहाई सदस्यहरुले गरेको लिखित अविश्वासको प्रस्ताव समूहमा पेश गरेमा सो प्रस्ताव साधारण सभाको

दुई तिहाई बहुमतबाट पारित भएमा त्यस्ता पदाधिकारीहरु स्वतः पद मुक्त हुनेछन् ।

५ बाल क्लव, सञ्जालले आफ्नो विधान एवं पदाधिकारी सदस्य सहितको नामावली गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

नोटः

१. यस बमोजिम साधारण सदस्यहरु थप गर्न सकिने छ,

२. बाल क्लब, सञ्जालका साधारण सदस्यहरुले प्रत्येक वर्ष सदस्यता नविकरण गर्नु पर्नेछ ,

विधान बमोजिम दर्ता गराउनु पर्ने बाल क्लब, सञ्जाल सम्वन्धित गा.पा. वा विद्यालय वा सम्वन्धित संरक्षकत्व प्रदान गरेको संस्था मध्ये कुनै एकको सिफारिस संलग्न हुनु पर्ने छ । सिफारिस साथ कार्य समितिका सबै पदाधिकारीहरुको संयुक्त निवेदन जानकी गाउँपालिकामा पेश गर्नु पर्नेछ,

४. यस विधानको प्रतिबद्धताको लागि गाउँ बाल सञ्जालको कार्य समितिका सम्पूर्ण पदाधिकारीहरुले निर्देशिकाको सबै पानाको तल माथि हस्ताक्षर गरेको हुनु पर्नेछ,

५. दर्ता गर्दा दुई प्रति निर्देशिका रितपूर्वक तयार गरी पेश गर्नु पर्नेछ ।

## अनुसूची -३

## बाल क्लब, सञ्जालको छाप

श्री जानकी गाउँ बाल क्लब, सञ्जाल

दुर्गौली,कैलाली ।

छापको र चिन्हको विवरण

छापको नमूना गोलो आकार भित्र अर्को सानो गोला आकार, दुई गोलाकारको वीचको माथिल्लो भागमा "जानकी गाउँ बालक्लब,बालसञ्जाल र तल्लो भागमा जानकी १ कैलाली" लेखिएको र सानो गोलाकारको भित्री भागमा चन्द्र सूर्य अंकित दुई हात र तल स्थापना २०.......... लेखिएको र दुई हातको वीचमा बालबालिका अंकित चिन्ह रहेको हुनेछ । उल्लेखित संकेत अनुसारको बाल क्लब, सञ्जालको छाप हुनेछ ।

## अनुसूचि ४

क : बाल क्लब सञ्चालक कार्यसमितिका पदाधिकारीहरु :

| क्र स | नाम, थर | पद | ठेगान/वडा | गाऊटोल | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(ख) कार्यसमितिका पदाधिकारीहरुको ३ पुस्ते विवरण:

| बाजे / हजुरबुवाको नाम | बाबु को नाम | सदस्यको नाम | वडा नं | गाउँ टोल | सम्पर्क नं | फोटो |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |



Scanned with CamScanner

## अनुसुची २
## दफा ९ को उपदफा (२) सँग सम्वन्धीत बाल क्लब, सञ्जाल दर्ताको प्रमाणपत्रको नमुना

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली कैलाली, सुदूरपश्चिम प्रदेश नेपाल ।

दर्ता प्रमाणपत्र

आवद्धता नं. :
मितिः

श्री........................................... बाल क्लव, सञ्जाल
जानकी गाउँपालिका कैलाली ।
कैलाली जिल्ला जानकी गाउँपालिका वडा नं...... अन्तर्गत ...... वटै वडाभित्रका सामुदायिक विद्यालयका बालबालिकाहरूलाई एकिकृत गरी गठन भएको श्री ........................................................ वाल क्लब, सञ्जाललाई यस जानकी गाउँपालिकामा आवद्धता गरी बालमैत्री, बालअधिकार संरक्षण तथा सम्बर्धन सम्बन्धी कार्यसञ्चालन कार्यविधि, २०८१ को परिच्छेद ४ को दफा (९) को उपदफा (२) ले व्यवस्या गरे अनुसार दर्ताको प्रमाण पत्र प्रदान गरिएको छ ।
बालअधिकार संरक्षण र सम्वर्द्धन कार्यमा नेपालको संविधान, बालअधिकार सम्वन्धी अन्तराष्ट्रिय महासन्धि १९८९ तथा सबै बालवालिका सम्वन्धी कानुनहरुको अधिनमा रही यस जानकी गाउँपालिका पालिकाको बालमैत्री अभियानमा यहाँहरुको सक्रिय सहभागिताको अपेक्षा गर्दछौं ।

प्रमाणित गर्ने
नाम :
पद :
दस्तखत :

अनुसुची ६

जानकी गाउँपालिका

सुदूरपश्चिम प्रदेश

## बालक्लव, सञ्जाल दर्ता किताव

| क्र. सं. | बालक्लवको नाम | ठेगाना | बालक्लव, सञ्जालमा सदस्य संख्या | | संरक्षक नाम | स्थापना मिति | सुचिकृत नं र मिति | सम्पर्क नं | प्रमाणपत्र बुझ्नेको नाम | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | वालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |



Scanned with CamScanner

## अनुसुची ७

## जानकी गाउँपालिका

## सुदूरपश्चिम प्रदेश

### बाल क्लव, बाल सञ्जाल नविकरणको दर्ता किताव

| क्र. सं. | बालक्लवको नाम | ठेगाना | बालक्लव, राञ्जाल मा सदस्य संख्या | | संरक्षक नाम | स्थापना मिति | सुचिकृत नं र मिति | सम्पर्क नं | नविकरण मिति | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |



Scanned with CamScanner

# अनुसूची - ८

## बालक्लब, बाल सञ्जाल नविकरणको लागि निवेदनको ढाँचा

मिति -

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु,
जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
दुर्गौली कैलाली ।

विषयः- बालक्लब, बाल सञ्जाल नविकरण सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा यस जानकी गाउँपालिका वडा नं. ...... स्थित विद्यालय, सामुदायम आधारित हाम्रो.......................................................नामक बालक्लब, बाल सञ्जाल यस गाउँपालिका दर्ता भई बाल अधिकारको संरक्षण सम्बर्द्धन र प्रवर्द्धनको क्षेत्रम क्रियाशिल रहदै आएको छ । बालक्लब, बाल सञ्जालले सम्पन्न गरेका मुख क्रियाकलापहरुको विवरण सहित नविकरणका लागि यो निवेदन पेश गरेका छौ ।

संलग्न गरिएका कागजातहरु

१. बाल क्लब वा सञ्जालबाट गत आर्थिक वर्षमा गरेको मुख्य काम वा क्रियाकलापको संक्षिप्त विवरण ।

२. कार्य समिति सदस्य हेरफेर सम्बन्धी विवरण र निर्णय ।

निवेदक दस्तखत :
नामः.
पदः अध्यक्ष
सम्पर्क नं.



Scanned with CamScanner

## अनुसुची-९

## न्यायिक समिति तथा स्थानीय बाल अधिकार समितिमा दिने निवेदनको ढाँचा

मिति : ........................

श्री न्यायिक सनिती, स्थानीय बाल अधिकार समिति जानकी गाउँपालिका

१. नाम थर...............................................(आफूलाई नाम थर लेख्न मन नलागेमा नलेख्दा पनि हुने)

२. कक्षा..............................(आफूलाई कक्षा लेख्न मन नलागेमा नलेख्दा हुने)

३. विद्यालयको नाम

४. उमेर

५. लिङ्ग

६. गुनासो तथा घटनाको संक्षिप्त विवरण...

७. घटना घटाउने व्यक्तिको नाम थर वतन -

८. घटनाको प्रकृति-.

९. घटना वा समस्या नयाँ हो वा दोहोरिएको हो- .

१०. घटना वा समस्या समाधानका सम्भावित उपायहहरू के हुन सक्दछन

---

...............................................................................................

निवेदकको दस्तखत

(दस्तखत गर्न मन नलागेमा नगर्दा पनि हुने)



Scanned with CamScanner

## अनुसुची १०

## विशेष संरक्षणको आवश्यकता भएका वालबालिका (ऐनको दफा- ४८ वमोजिम)

(क) अनाथ बालबालिका,

(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छोडिएका फेला परेका बाबुआमाबाट अलगिगएका वा वाबुआमा पत्ता नलागी बेवारि भएका बालबालिका,

(ग) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(घ) कानूनी विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रिया अर्नतगत वैकल्पि हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(ङ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रीत भई कारागारमा रहे बालबालिका,

(च) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवदेन परेका बालबालिका,

(छ) बाबु आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारण बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबलिक

(ज) जबरजस्ती वा बधुँवा प्रकृतिका वा जोखिममा परेका वा निकृष्ट प्रकृतिको व प्रचलित कानून विपरित श्रममा संलग्न भई जिवनयापन गरिरहेका, धुम्रपान, मद्यपान एवं अन्य लागुऔपधको कुलतमा फसेका, एच.आई.भी. संक्रमित बालबालिका,

(झ) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जिवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यावस्था हनु नसकेको वा सामान्य जींवनयापन गर्न कठिनाइ भएका वालबालिका,

(ञ) वालबालिका विरुद्धको कसूरवाट पीडित भएका वा त्यस्तो जोखिनमा रहेका वालबालिका,



Scanned with CamScanner

(ट) विपद् वा सशस्त्र द्वन्द्व कारणले बाबुआमा दुवै वा आमा बाबु मध्ये एक गुमाएका, बेपत्ता भएका वा आफैं शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका,

(ठ) विपन्न दलित समुदायका बालबालिका,

(ड) मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भनी तोकेका अन्य बालबालिका

आज्ञाले,
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner